# आर्थिक बर्ष २०८१/०८२ को स्थानीय सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन

१) कुनै पनि स्थानीय तह (गाउँपालिका, नगरपालिका (उप महा तथा महा समेत)) को कार्य क्षेत्रभित्र पर्ने सडकको मर्मत संभारको लागि सम्बन्धित नगरपालिकाले (उप महा तथा महा समेत) कुल अनुमानित लागतको कम्तीमा ३० % (तीस प्रतिशत) र गाउँपालिकाले २० % (बीस प्रतिशत) बराबरको रकम सम्पूरक कोषको (Matching Fund) रुपमा ब्यहोर्ने ब्यबस्था गर्ने ।

२) सडक मर्मत संभारको लागि सडक छनौट गर्दा सडक बोर्ड निर्देशिका, २०६१ को परिच्छेद (२) को बुँदा (४) बमोजिम खण्डास्मिथ सडकको हकमा औषत बार्षिक रुपमा प्रतिदिन कम्तीमा ४० वटा सवारी साधन चल्ने र कच्ची सडकको हकमा औषत बार्षिक रुपमा प्रतिदिन कम्तीमा १५ वटा सवारी साधन चल्ने सडकलाई मात्र छनौट गर्नुपर्ने ।

३) मर्मत संभार कार्यको लागि सडक छनौट गर्दा देहायका कुराहरूमा ध्यान दिनुपर्ने ।

(क) कुनै सडकको मर्मत सो सडकलाई बर्षैभरि खुला र आवागमन गर्न सकिने अवस्था
(ख) सडकको दायाँवायाँ गरिने मर्मत संभार वा सुधारको काम संभावित पहिरो वा भूस्खलनलाई रोक्ने,
(ग) सडक प्रयोगकर्ताको सडक प्रयोग गर्दाको खर्चलाई कम गर्ने,
(घ) सडकको सुरक्षा गर्ने सम्बन्धी काम गर्दा धान्न सकिने र व्यवहारिक किसिमको जोखिम व्यवस्थापन सम्बन्धी उपाय अपनाउने,
(ङ) सडकलाई जुन स्तरको सडकको हो सो स्तरको सेवा प्रदायक क्षमतामा राख्ने ।

४) सडक मर्मतको प्राथमिकता देहाय बमोजिम हुने ।

सडकको नियमित, पटके वा आवधिक मर्मतका लागि सडकको छनौट गर्दा देहायको आधारमा सबभन्दा बढी आवश्यक र उपयुक्त देखिएको सडकलाई पहिलो प्राथमिकता दिने गरी सडकको छनौट गर्नु पर्ने ।

(क) सडकको लम्बाई तथा सडक सञ्जालमा सो सडकको महत्व,
(ख) सडकबाट लाभांवित हुने जनसंख्या,
(ग) सडक मर्मत संभारबाट हुने आर्थिक लाभ,
(घ) सडकको सतह तथा पेटी लगायत अन्य कुराहरूको भौतिक अवस्था,
(ङ) सडक मर्मत संभार गर्न सक्ने संस्थागत व्यवस्था वा उपलब्ध जनशक्ति ।

५) सडकको आकस्मिक मर्मत र नयाँ ट्र्याक खोल्ने कार्यको लागि रकम विनियोजन गर्न सकिने छैन ।

६) ) कालोपत्रे तथा खण्डास्मिथ सडकको हकमा स्तरोन्नती गनुपर्ने अवस्थामा नियमित, पटके, आवधिक वा विशेष मर्मतमा लाग्ने रकमको बढीमा १५% (पन्ध्र प्रतिशत) मात्र रकम खर्च गर्नुपर्ने ।

७) सडक छनौट गर्दा सम्भव भए सम्म सम्बन्धित स्थानीय तह मातहत रहेका जिल्ला सडक (District Road Core Network) लाई प्राथमिकता दिनुपर्ने ।

८) मर्मत योग्यसडकलाई बर्षैभरी आवागमनगर्न सकिने अवस्थामा राख्ने उद्देश्यले सो सडकको मर्मत सम्भार गर्दासडक बोर्ड ऐन २०५८, सडक बोर्ड नियमावली २०६०, सडक बोर्ड निर्देशिका २०६१, बोर्डको निर्णय तथा निर्देशनका साथै बोर्ड बाट गरिएका परिपत्रहरुको अधिनमा रही सम्बन्धित स्थानीय तहको स्वामीत्वमा रहेका सडकहरु मध्ये प्राथमिकताको आधारमा कालोपत्रे, ग्रामीण सडक, कच्ची ग्रामीण सडकहरुको नियमित, पटके, आवधिक, विशेष मर्मत सम्वन्धीवार्षिक कार्यक्रमहरु सम्बन्धित स्थानीय तह बाट स्वीकृत गर्ने र सहमतीका लागि सडक बोर्ड नेपालमा पठाउनु पर्ने ।

**<u>सडक मर्मत संभार कार्यको छनौटको प्राथमिकता :</u>**

| सडक मर्मत संभारकोकार्य / सडकको किसिम | नियमितमर्मत संभार | पटके मर्मत संभार | आवधिकमर्मत संभार | विशेष मर्मत संभार | स्तरोन्नती |
|---|---|---|---|---|---|
| **कालोपत्रे सडक** | १.० | २.० | ३.० | ४.० | ५.० |
| **ग्रामीण सडक** (खण्डास्मिथ, ढुङ्गा छापेको, ईटा छापेको, PCC, RCCगरेको सडक) | ६.० | ७.० | ८.० | ९.० | १०.० |
| **कच्चीं ग्रामीण सडक** | ११.० | १२.० | १३.० | १४.० | १५.० |

सडकको योजनावद्ध मर्मत संभार कार्यमाआर्थिक श्रोतको अधिकतम सदुपयोग गर्नुपर्नेछ । तोकिएको प्राथमिकताको आधारमाकार्यक्रमको छनौट गर्ने दायित्व तहाँको रहनेछ । साथै सडक बोर्ड नेपालतथा सम्बन्धित निकायबाट अनुगमन तथा मूल्याङ्कनको क्रममा प्राथमिकताको क्रम बाहेक अन्यकार्यमाखर्च गरेको पाइएमाआगामी आर्थिक बर्षको कार्यक्रममा सडक बोर्ड नेपालले बिनियोजित गर्ने रकम घटाउन सकिनेछ ।

**सडक मर्मत कार्यको सम्वन्धमा विस्तृत रुपमा तल व्याख्या गरिएको छ ।**

## १.० कालोपत्रे सडकको नियमित मर्मत संभारका कार्यहरु:

१.१)  सडक सतह, सोल्जर, Road Furniture, फुटपाथ आदिको सफाई गर्ने ।

१.२) सडककिनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको सफाई गर्ने ।

## २.० कालोपत्रे सडकको पटके मर्मत संभारका कार्यहरु:

२.१)  पटहोल, सोल्जर, Road Furniture, फुटपाथ आदिको मर्मत संभार गर्ने ।

२.२) सडककिनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको मर्मत संभार गर्ने ।

२.३) सडकमा विद्यमान टेवा पर्खाल आदिको मर्मत संभार गर्ने ।

## ३.० कालोपत्रे सडकको आवधिक मर्मत संभारका कार्यहरु:

३.१) सडक सतहको Pre-treatment गरी Premix Carpeting,Re-sealingआदि कार्य गर्ने ।

३.२)सडककिनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको मर्मत संभार गर्ने ।

३.३)  सडक संरचनाको सुरक्षाको लागि विद्यमान टेवापर्खाल आदिको मर्मत संभार गर्ने ।

## ४.० कालोपत्रे सडकको विशेष मर्मत संभारका कार्यहरु:

**सडकमा अवस्थित पूराना संरचना बिग्रिएको अवस्थामा:**

४.१) विस्तारित अवस्थाको Pothole को Patch Work गर्ने कार्य ।

४.२) सडकमा भएका संरचनाहरु नाली, कल्भर्ट, पुल, कजवे, आदि जस्ताको पून: निर्माण गर्ने ।

४.३) सडक संरचनाको सुरक्षाको निम्ति बनाइएको टेवापर्खाल भत्किएमा पुन: निर्माण गर्ने ।

४.४) बायो इन्जिनियरिङ्ग तथा Slope Stabilizationसम्वन्धी कार्यको मर्मत गर्ने ।

४.६)Road Safety सम्बन्धीकार्यहरुको मर्मतगर्ने ।

५.५) सडक सतहको अत्यधिक भिरालो (High Grade)तथा साँघुरो घुमाउरो (Turning)स्थानहरुमा भएको PCCवाRCCको मर्मत गर्ने ।

५.६) सडकको साँघुरो स्थानहरुमा गरिएको Extra widening को मर्मत गर्ने ।

## ५.० कालोपत्रे सडकको स्तरोन्नती सम्बन्धी कार्यहरु:

५.१)कालोपत्रे सडकमा Asphalt Concretingगर्ने कार्य ।

५.२) पानीबाट सडकमा हुन सक्ने क्षति लाई सम्बोधन गर्न नाली, कल्भर्ट, पुल, कजवे, आदिको निर्माण गर्ने ।

५.३) सडक संरचनाको सुरक्षाको निम्ति बनाउनु पर्ने टेवा पर्खाल आदिको निर्माण गर्ने ।

५.४) बायो इन्जिनियरिङ्ग तथा Slope Stabilizationसम्वन्धी काम गर्ने ।

५.५) सडक सतहको अत्यधिक भिरालो (High Grade)तथा साँघुरो घुमाउरो (Turning)स्थानहरुमा आवश्यक भएमा PCCवाRCCगर्ने ।

५.६) सडकको साँघुरो स्थानहरुमा चौडा गर्न आवश्यक भएमा Extra widening गर्ने ।

५.७)Road Safety सम्बन्धीकार्यहरु गर्ने ।

५.८) विद्यमान सडकको स्तरोन्नती गर्नको लागि गरिने निर्माण कार्यहरु ।

## ६.० ग्रामीण सडकको नियमित मर्मत संभारका कार्यहरु:

६.१) सडक तथा सडक किनारामा उम्रेको घाँस तथा रुखका हाँगाहरुको सफाई गर्ने ।

६.२) सडककिनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको सफाई गर्ने ।

६.३) सडकमा रहेको सामान्यखालको पहिरो हटाई सडक खुला गर्ने कार्य ।

## ७.० ग्रामीण सडकको पटके मर्मत संभारका कार्यहरु:

७.१) सडक सतहमा बनेका Pot hole, Reel तथा Rutआदिको मर्मत सम्भार गर्ने ।

७.२) सडक सतहको केही स्थानमा Spot Gravellingगर्ने ।

७.३) सडककिनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको मर्मत सम्भार गर्ने ।

७.४) सडकमा विद्यमान टेवापर्खाल आदिको मर्मत संभार गर्ने ।

## ८.० ग्रामीण सडकको आवधिक मर्मत संभारका कार्यहरु:

८.१)सडक सतहमा Gradingतथा Blendingगरे पश्चात् Re-gravellingगर्ने ।

८.२) सडककिनाराको नाली, कल्भर्ट, पुल, कजवे, आदिको मर्मत संभार गर्ने ।

८.३) सडक संरचनाको सुरक्षाको लागि बनाइएका टेवापर्खाल आदिको मर्मत संभार गर्ने ।

## ९.० ग्रामीण सडकको विशेष मर्मत संभारका कार्यहरु:

<u>सडकमा अवस्थित पूराना संरचना बिग्रिएको अवस्थामा:</u>

९.१) सडकमा भएका संरचनाहरु नाली, कल्भर्ट, पुल, कजवे, आदि जस्ताको पून: निर्माण गर्ने ।

९.२) सडक संरचनाको सुरक्षाको निम्ति बनाइएको टेवापर्खाल भत्किएमा पुन: निर्माण गर्ने ।

९.३) बायो इन्जिनियरिङ्ग तथा Slope Stabilizationसम्वन्धी कार्यको मर्मत गर्ने ।

९.४)Road Safety सम्बन्धीकार्यहरुको मर्मतगर्ने ।

९.५) सडक सतहको अत्यधिक भिरालो (High Grade)तथा साँघुरो घुमाउरो (Turning) स्थानहरुमा भएको PCC वा RCC को मर्मत गर्ने ।

९.६) सडकको साँघुरो स्थानहरुमा गरिएको Extra widening को मर्मत गर्ने ।

## १०.० ग्रामीण सडकको स्तरोन्नती सम्बन्धी कार्यहरु:

१०.१) ग्रामीण सडकको स्तरोन्नती गरी कालोपत्रे गर्ने ।

१०.२) पानीबाट सडकमा हुन सक्ने क्षति लाई सम्बोधन गर्न नाली, कल्भर्ट, पुल, कजवे, आदिको निर्माण गर्ने ।

१०.३) सडक संरचनाको सुरक्षाको निम्ति बनाउनु पर्ने टेवा पर्खाल आदिको निर्माण गर्ने ।

१०.४) बायो इन्जिनियरिङ्ग तथा Slope Stabilizationसम्वन्धी काम गर्ने ।

१०.५) सडक सतहको अत्यधिक भिरालो (High Grade)तथा साँघुरो घुमाउरो (Turning)स्थानहरुमा आवश्यक भएमा PCCवाRCCगर्ने ।

१०.६) सडकको साँघुरो स्थानहरुमा चौडा गर्न आवश्यक भएमा Extra widening गर्ने ।

१०.७)Road Safety सम्बन्धीकार्यहरु गर्ने ।

१०.८) विद्यमान सडकको स्तरोन्नती गर्नको लागि गरिने निर्माण कार्यहरु ।

## ११.० कच्चीग्रामीण सडकको नियमित मर्मत संभारका कार्यहरु:

११.१) सडक तथा सडक किनारामा उम्रेको बोट बिरुवा काट्ने तथा हटाउने ।

११.२) सडकमा अवस्थित नाली, कल्भर्ट, पुल, कजवे, आदिको सफाई गर्ने।

११.३) सडकमा रहेको सामान्यखालको पहिरो हटाई सडक खुला गर्ने कार्य ।

**१२.० कच्चीग्रामीण सडकको पटके मर्मत संभारका कार्यहरु:**

१२.१) सडक सतहमा बनेका Reel तथा Rutआदिको मर्मत गर्ने ।

१२.२) सडक सतह भासिएको अवस्थामा केही स्थानमा बाहिरबाट माटो ल्याइपुर्ने कार्य गर्ने ।

१२.३) सडकमा अवस्थित नाली, कल्भर्ट, पुल, कजवे, आदिको मर्मत संभार गर्ने ।

१२.४) सडकमा विद्यमान टेवापर्खाल आदिको मर्मत संभार गर्ने ।

**१३.० कच्चीग्रामीण सडकको आवधिक मर्मत संभारका कार्यहरु:**

१३.१)सडक सतहमा Gradingतथा Blendingगरी माटो पुरी मर्मत संभार गर्ने।

१३.२) सडककिनाराको नाली, कल्भर्ट, पुल, कजंवे, आदिको मर्मत संभार गर्ने ।

१३.३) सडक संरचनाको सुरक्षाको लागि बनाइएका टेवापर्खाल आदिको मर्मत संभार गर्ने ।

**१४.० कच्चीग्रामीण सडकको विशेष मर्मत संभारका कार्यहरु:**

**<u>सडकमा अवस्थित पूराना संरचना विग्रिएको अवस्थामा:</u>**

१४.१)High Grade तथा Turning हरुमा सडकको सतहमा भएको ढुङ्गा सोलिङ्ग/PCC वा RCC को मर्मत गर्ने ।

१४.२) सडकमा भएका संरचनाहरु नाली, कल्भर्ट, पुल, कजवे, आदि जस्ताको पूनः निर्माण गर्ने ।

१४.३) सडक संरचनाको सुरक्षाको निम्ति बनाइएको टेवापर्खाल भत्किएमा पुनः निर्माण गर्ने ।

१४.४) बायो इन्जिनियरिङ्ग तथा Slope Stabilizationसम्वन्धी कार्यको मर्मत गर्ने ।

१४.५)Road Safety सम्बन्धीकार्यहरुको मर्मतगर्ने ।

१४.६) सडकको साँघुरो स्थानहरुमा गरिएको Extra widening को मर्मत गर्ने ।

**१५.० कच्ची ग्रामीण सडकको स्तरोन्नती सम्बन्धी कार्यहरु:**

१५.१) कच्ची ग्रामीण सडक लाई ग्राभेल सडकमा स्तरोन्नती गर्ने ।

१५.२) पानीबाट सडकमा भएको क्षति लाई सम्बोधन गर्न नाली, कल्भर्ट, पुल, कजवे, आदिको निर्माण गर्ने ।

१५.३) सडक संरचनाको सुरक्षाको निम्ति बनाउनु पर्ने टेवा पर्खाल आदिको निर्माण गर्ने ।

१५.४) बायो इन्जिनियरिङ्ग तथा Slope Stabilizationसम्वन्धी काम गर्ने ।

१५.५) सडक सतहको अत्यधिक भिरालो (High Grade)तथा साँघुरो घुमाउरो (Turning) स्थानहरुमा आवश्यक भएमा PCCवाRCCगर्ने ।

१५.६) सडकको साँघुरो स्थानहरुमा चौडा गर्न आवश्यक भएमा Extra widening गर्ने ।

१५.७)Road Safety सम्बन्धीकार्यहरु गर्ने ।

१५.८) विद्यमान सडकको स्तरोन्नती गर्नको लागि गरिने निर्माण कार्यहरु ।

***नोटः-सम्बन्धित स्थानीय तह मातहतका सडक खण्डहरु मध्ये कालोपत्रे सडक लाई पहिलो प्राथमिकतामा राखी मर्मत संभार कार्यक्रम कार्यान्वयन गनुपर्ने । उक्त किसिमको सडक नभएको हकमा क्रमशः खण्डास्मिथ र माटे सडक लाई प्राथमिकता दिनुपर्ने ।***

९) अर्को व्यवस्था नभए सम्मको लागि बार्षिक कार्यक्रम स्थानीय तह बाट नै स्वीकृत गरी निम्न कागजातहरु संलग्न राखी सहमतिको लागि बोर्डमा पठाउने र सम्बन्धित स्थानीय तहले सडक मर्मत कार्यक्रम कार्यान्वयन गर्नुपूर्व अनिवार्य रुपमा यस बोर्डको सहमति लिनुपर्ने ।

- सहमतिको लागि अनुरोध गरिएको पत्र
- प्रतिबद्धता पत्र
- समझदारी पत्र
- बार्षिक कार्यक्रम
- लागत अनुमान ( Abstract of Cost, Detail Estimate, Rate Analysis)

**१०) रकम निकासा माग गर्दा पेश गर्नुपर्ने कागजातहरु :-**

क) बार्षिक कार्यक्रम स्वीकृत तथा समझदारी भएपछि - कुल बार्षिक कार्यक्रमको ३०% रकम सम्म,
ख) स्वीकृत कार्यक्रम कम्तीमा ३०% भौतिक वा आर्थिक प्रगति भएपछि - सम्झौता वमोमिको बढीमा ८०% रकम सम्म,
ग) स्वीकृत कार्यक्रम कम्तीमा ७०% भौतिक वा आर्थिक प्रगति भएपछि - सम्झौता वमोजिमको बाँकी रकम ।

दोश्रो किस्ता माग गर्दा पेश गर्नुपर्ने कागजातहरु :-

- सडक मर्मत कार्यको संक्षिप्त विवरण
- ठेक्का/उपभोक्ता सँगको सम्झौता
- स्वीकृत कार्यक्रम वमोजिम प्रगति प्रतिवेदन

तेश्रो किस्ता माग गर्दा :-

- सडक मर्मत कार्यको संक्षिप्त विवरण (यदि दोश्रो किस्ता लिएको भए नचाहिने तर थप भएमा मात्र चाहिने)
- ठेक्का/उपभोक्ता सँगको सम्झौता विवरण (यदि दोश्रो लिएको भए नचाहिने तर थप भएमा मात्र चाहिने) )
- स्वीकृत कार्यक्रम वमोजिम प्रगति प्रतिवेदन

योजना/कार्यक्रम फरफारक गर्दा पेश गर्नुपर्ने कागजातहरु:-

- स्वीकृत कार्यक्रम वमोजिम आ.व.को अन्त्यसम्मको प्रगति प्रतिवेदन
- कार्य सम्पन्न प्रतिवेदन वा आ.व.को अन्त्यसम्मको ठेक्का/उपभोक्ता सम्बन्धि विल
- भ्याट खुलेको विवरण
- कन्टिन्जेन्सी विवरण

नोटः क) निकासा भएको रकम मध्ये चालु आ.व.को अषाढ मसान्त भित्र खर्च हुन नसकेको बाँकी रकम अर्को आ.व.को श्रावण मसान्त भित्र सडक बोर्डमा फिर्ता गर्ने ।
ख) कार्य सम्पन्न प्रतिवेदन चालु आ.व.को जेष्ठ मसान्त भित्र पेश गरी अषाढ मसान्त भित्रै भुक्तानी लिई सक्नुपर्ने ।

# सडक बोर्ड नेपाल तथा स्थानीय तह बीच सडक मर्मत संभार कार्यको लागि गरिएको समझदारी पत्र

**(Memorandum of Understanding)**

सडक बोर्ड नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने **कार्यकारी निर्देशक**(त्यसपछि प्रथमपक्ष भनेर संवोधन गरिएको) र सम्बन्धित.................... नगरपालिका (महानगरपालिका तथा उपमहानगरपालिका समेत) /गाउँपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने **प्रमूख प्रशासकिय अधिकृत** (त्यसपछि दोश्रो पक्ष भनेर संवोधन गरिएको) बीच यो समझदारी कायम भएको छ ।

१. सडक बोर्ड ऐन २०५८, सडक बोर्ड नियमावली २०६०, सडक बोर्ड निर्देशिका २०६१,सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, कार्यकारी समितिको निर्णय तथा निर्देशनको परिधि भित्र रही सावधानी पूर्वक एवम् दक्षताका साथ प्रचलित कानून बमोजिम कार्य गर्न/गराउन आवश्यक श्रोत र साधन समेतको समुचित व्यवस्थापन गरी निर्दिष्ट गुणस्तर तथा वातावरणिय संतलुन कायम राख्दै दोश्रो पक्षबाट तोकिएको सडक मर्मत सम्भार प्राथमिकताका आधारमा स्वीकृत तथा प्रथम पक्षबाट सहमति भएका सडक मर्मत सम्भार सम्वन्धी वार्षिक कार्यक्रम अनुरुपको सडक मर्मत संभार कार्य सम्पन्न गर्ने गराउने प्रतिबद्धता दोश्रो पक्षले व्यक्त गर्दछ ।

२. दोश्रो पक्षद्वारा ठेक्का वा उपभोक्ता समिति मार्फत संचालित कार्य, प्रथम पक्ष वा यसका प्रतिनिधिले निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने भएकोले सम्बन्धित सम्पूर्ण दस्तावेज उपलब्ध गराउने तथा निरीक्षणमा आवश्यक सहयोग उपलब्ध गराउने दायित्व दोश्रो पक्षको हुनेछ । नेपाल सरकारको आधिकारिक निकायहरू बाट निरीक्षणको क्रममा संचालित कार्यक्रमको गुणस्तर तथा प्रगति निर्धारित मापदण्ड अनुरुप नभएको जानकारी बोर्ड लाई प्राप्त भएमा बोर्डले उपलब्ध गराउने रकम रोक्का गर्न सक्नेछ ।

३. दोश्रो पक्षबाट स्वीकृत एवम् प्रथम पक्षको सहमति अनुसारको कार्यक्रम चालु आ.व. को जेष्ठ मसान्त भित्र सम्पन्न गरी सम्झौता बमोजिमको रकम अषाढ मसान्त भित्रै निकासा लिई सक्नुपर्नेछ ।

४. प्रथम पक्षले रकम निकासा दिंदा सडक बोर्ड निर्देशिका २०६१ दफा ४७ ले निर्धारण गरेको रकम निकासा सम्बन्धी प्रावधानको अधिनमा रही निकासा दिने प्रतिवद्धता व्यक्त गर्दछ । यसरी निकासा दिंदा पहिलो निकासा रकम स्वीकृत बजेट अनुसार उपलब्ध गराइनेछ र बाँकी रकम संचालित कार्यक्रमको प्रगति तथा सम्झौता वा ठेक्का रकमको आधारमा हुनेछ ।

५. मासिक प्रतिवेदन, चौमासिक प्रतिवेदन तथा बार्षिक प्रतिवेदन, खर्चको फाँटवारी लगायत अन्य आवश्यक विवरण प्रथम पक्ष समक्ष पेश गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

६. सडक बोर्डको स्वीकृत एकीकृत बार्षिक योजना (IAP) अनुसारको रकम मात्र प्रथम पक्षले दोश्रो पक्ष लाई उपलब्ध गराउन सक्नेछ ।

७. दोश्रो पक्षको मातहत भित्र रहेका सम्पूर्ण सडकको तथ्याङ्क सडक बोर्डले निर्दिष्ट गरेको ढाँचामा हरेक बर्ष पेश गर्नु पर्नेछ । प्रथम पक्षले विवरण प्राप्त गरेपछि उपलब्ध श्रोतको आधारमा आगामी आ.व.को लागि बजेट सिलिङ्ग उपलब्ध गराउनु पर्नेछ र सो कार्य सामान्यतया चालु आ.व.को श्रावण महिना भित्र गर्नु पर्नेछ ।

८. दोश्रोपक्षले बजेट सिलिङ्ग, स्थानीय सडक मर्मत सम्भार सम्वन्धी वार्षिक कार्यक्रमको सहमतीका आधार स्थानिय निकायले व्यहोर्नु पर्ने म्याचिङ्ग फण्ड समेत समावेश गरी चालु आ. व. को **मंसिर मसान्त** भित्र सडक मर्मत संभारको बार्षिक कार्यक्रम स्वीकृत गरी प्रथम पक्षको सहमतिको लागि पेश गर्नु पर्नेछ ।

९. दोश्रो पक्षले चालु आ.व.को अषाढ मसान्त भित्र खर्च गर्न नसकेको एकमुष्ट बचत रकम सडक बोर्डमा फिर्ता गर्नुपर्नेछ ।

१०. दोश्रो पक्षले अन्तिम लेखा परिक्षण र कार्यको गुणस्तरिय भए/नभएको प्राविधिक पुष्ट्याईको विवरण एवं माग भएका अन्य विवरण समेत प्रथम पक्षलाई उपलब्ध गराउनुपर्नेछ ।

११. सडक बोर्ड नेपाल बाट गरिने अनुगमनको क्रममा सम्बन्धित निकायले प्राथमिकताको क्रम बाहेक अन्य कार्यमा खर्च गरेको पाइएमा आगामी बर्षको कार्यक्रममा बिनियोजित रकम घटाउन/रोक्न सक्ने छ ।

१२. कार्य सम्पादन मूल्याङ्कनको आधारमा प्रथमपक्ष आफैले प्रत्येक निकायको मूल्याङ्कन गर्ने छ भन्ने दुवै पक्षलाईं मञ्जुर छ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| कार्यालयको छाप : | कार्यालयको छाप : |
| मिति : | मिति : |
| **साक्षी :** | **साक्षी :** |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |